# औद्योगिक तथा लगानी प्रवर्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

**प्रस्तावना:** मुलुकको औद्योगिक विकासका लागि लघु, घरेलु तथा साना उद्योग विकास, औद्योगिक प्रवर्धन, रुग्ण उद्योगको पुनरूत्थान, पुनर्निर्माण तथा व्यवस्थापन एवं महिला उद्यमशीलताको विकास गर्न औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५१ बमोजिम औद्योगिक तथा लगानी प्रवर्धन कोषको रकम उपयोग गर्ने सम्बन्धमा प्रक्रियागत व्यवस्था गर्न वाञ्छनीय भएकोले

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद– १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "औद्योगिक तथा लगानी प्रवर्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्योग" भन्नाले ऐनको दफा १७ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ख) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनको लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूह सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ सम्झनु पर्छ।

(घ) "कार्यक्रम सञ्चालन गर्ने निकाय" भन्नाले औद्योगिक तथा लगानी प्रवर्धन कोषको रकम उपयोग गर्न कार्यक्रम सञ्चालन गर्ने दफा ४ बमोजिमको निकाय सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले प्रदेश सरकारअन्तर्गतको जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय सम्झनु पर्छ।

(च) "केन्द्र" भन्नाले लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र सम्झनु पर्छ।

(छ) "कोष" भन्नाले ऐनको दफा ५१ बमोजिमको कोष सम्झनु पर्छ।

(ज) "प्रस्ताव मूल्याङ्कन समिति" भन्नाले कार्यक्रमको लागि पेस हुन आएका प्रस्तावको मूल्याङ्कन गरी कार्यक्रम सञ्चालन गर्ने निकायमा सिफारिस गर्न गठित दफा ९ बमोजिमको समिति सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ञ) "रुग्ण उद्योग" भन्नाले ऐनको दफा ३९ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ट) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको उद्योग विभाग सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले दफा १६ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

## परिच्छेद– २

## कार्यक्रम स्वीकृति तथा प्रस्ताव आह्वान, मूल्याङ्कन र सम्झौता

३. **कोषको रकम लगानी तथा खर्च गर्न सक्ने:** (१) ऐनको दफा ५१ को उपदफा (३) बमोजिम देहायका कार्यको लागि कोषको रकम लगानी तथा खर्च गर्न सकिनेछः-

(क) लघु उद्यम, घरेलु तथा साना उद्योग विकाससम्बन्धी कार्य;

(ख) प्रविधि विकाससम्बन्धी कार्य;

(ग) औद्योगिक प्रवर्धनसम्बन्धी कार्य;

(घ) रुग्ण उद्योग पुनरूत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कार्य;

(ङ) महिला उद्यमशीलता विकाससम्बन्धी कार्य।

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा अनुसूची-१ मा उल्लेख भएबमोजिमका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (क), (ख), (घ) र (ङ) बमोजिमका कार्यक्रमको लागि सहुलियतपूर्ण कर्जा र सोही उपदफाको खण्ड (ग) बमोजिमको कार्यक्रमको लागि अनुदान प्रदान गर्ने गरी यस कार्यविधिबमोजिम कार्यक्रम सञ्चालन गर्दा रकम लगानी तथा खर्च गर्न सकिनेछ।

४. **कार्यक्रम सञ्चालन गर्ने निकाय:** दफा ३ को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (ङ) बमोजिमका कार्यक्रम केन्द्रमार्फत र सोही उपदफाको खण्ड (घ) बमोजिमको कार्यक्रम विभागमार्फत सञ्चालन हुनेछ।

५. **कार्यक्रम स्वीकृत गराउनु पर्ने:** (१) कार्यक्रम सञ्चालन गर्ने निकायले प्रत्येक वर्ष कोषको रकमबाट सञ्चालन गरिने वार्षिक कार्यक्रम र बजेट प्रस्ताव गरी समितिबाट स्वीकृत गराउनु पर्नेछ।

(२) दफा ३ को उपदफा (१) को खण्ड (क), (ख), (घ) र (ङ) बमोजिमका कार्यक्रमको लागि सहुलियतपूर्ण कर्जा र खण्ड (ग) बमोजिमको कार्यक्रमको लागि अनुदान प्रदान गर्ने गरी कार्यक्रम स्वीकृत गर्न सकिनेछ।

(३) समितिले उपदफा (२) बमोजिम कार्यक्रम स्वीकृत गर्दा प्रत्येक कार्यक्रमको लागि वार्षिक बजेटको तीस प्रतिशतमा नबढ्ने गरी रकम विनियोजन गर्नु पर्नेछ।

तर औद्योगिक प्रवर्धनअन्तर्गतका कार्यका लागि समितिको सचिवालयको प्रस्तावमा समितिले दस प्रतिशतसम्म अनुदान प्रदान गर्न सक्ने गरी कार्यक्रम स्वीकृत गर्न बाधा पर्ने छैन।

६. **उद्योग वा संस्थाको योग्यता:** (१) यस कार्यविधिबमोजिम सञ्चालन हुने कार्यक्रमका लागि देहायबमोजिमका उद्योग वा संस्था योग्य हुनेछन्:-

(क) लघु, घरेलु तथा साना उद्यमी;

(ख) नेपाल सरकारद्वारा रुग्ण उद्योगको रूपमा घोषणा भएको उद्योग;

(ग) लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित राष्ट्रिय सङ्घ वा महासङ्घ र तिनका प्रदेश तथा जिल्ला शाखा वा सङ्घ;

(घ) विभिन्न वस्तुगत सङ्घ र तिनका प्रदेश तथा जिल्ला शाखा;

(ङ) उद्यमशीलता तथा औद्योगिक क्षेत्रमा अध्ययन वा अनुसन्धान कार्यमा संलग्न अनुसन्धानकर्ता संस्था वा कम्पनी।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कार्यक्रमका लागि देहायका उद्योग वा संस्थामात्र सहभागी हुन सक्नेछन्:-

(क) दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कार्यक्रममा महिलाद्वारा सञ्चालित उद्यम वा उद्योग,

(ख) दफा ३ को उपदफा (१) को खण्ड (घ) कार्यक्रममा नेपाल सरकारद्वारा रुग्ण उद्योगको रूपमा घोषणा भएको उद्योग।

(३) उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) बमोजिमको संस्थाले दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कार्यमा मात्र प्रस्ताव पेस गर्न सक्नेछन्।

७. **प्रस्ताव आह्वान गर्ने:** (१) दफा ५ बमोजिम समितिबाट कार्यक्रम स्वीकृत भएपछि कार्यक्रम सञ्चालन गर्ने निकायले स्वीकृत कार्यक्रम सञ्चालन गर्न चाहने उद्योग वा संस्थाबाट प्रस्ताव आह्वान गरी कम्तीमा एक्काइस दिनको अवधि दिइ राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची-२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गर्दा प्रत्येक कार्यक्रमको लागि छुट्टाछुट्टै प्रस्ताव आह्वान गर्नु पर्नेछ।

८. **प्रस्ताव पेस गर्नु पर्ने:** (१) यस कार्यविधिबमोजिम कार्यक्रम सञ्चालन गर्न चाहने दफा ६ बमोजिम योग्य भएको उद्योग वा संस्थाले दफा ७ बमोजिमको सूचनाको अवधिभित्र देहायका कागजात संलग्न गरी सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने निकायमा अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्नु पर्नेछः-

(क) उद्योगको दर्ता वा नवीकरण प्रमाणपत्रको प्रतिलिपि,

(ख) सञ्चालकको नागरिकताको प्रतिलिपि,

(ग) व्यावसायिक योजना (स्कीम),

(घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अघिल्लो आर्थिक वर्षसम्मको करचुक्ता प्रमाणपत्र।

(२) कार्यक्रम सञ्चालन गर्ने निकायले उपदफा (१) बमोजिमको प्रस्ताव कार्यालयमा समेत दर्ता गर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता हुन आएका प्रस्ताव कार्यालयले सात दिनभित्र कार्यक्रम सञ्चालन गर्ने निकायमा पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको प्रस्ताव विद्युतीय माध्यमबाट समेत पेस गर्न सकिनेछ।

९. **प्रस्ताव मूल्याङ्कन समितिः** (१) दफा ८ बमोजिम केन्द्रमा पेस हुन आएका प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्न केन्द्रमा देहायबमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

(क) उपसचिव, केन्द्र - संयोजक

(ख) कानून अधिकृत, विभाग - सदस्य

(ग) अधिकृत प्रतिनिधि (प्राविधिक), केन्द्र - सदस्य



२.५.०८.८

नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(घ) मन्त्रालयले तोकेको प्राविधिक अधिकृत - सदस्य

(ङ) शाखा अधिकृत, केन्द्र - सदस्य-सचिव

(२) दफा ८ बमोजिम विभागमा पेस हुन आएका प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्न विभागमा देहायबमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

(क) निर्देशक, विभाग - संयोजक

(ख) शाखा अधिकृत, मन्त्रालय - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख, विभाग - सदस्य

(घ) कानून अधिकृत, विभाग - सदस्य

(ङ) शाखा अधिकृत, विभाग - सदस्य-सचिव

(३) प्रस्ताव मूल्याङ्कन समितिले आफ्नो बैठकमा आवश्यकतानुसार सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१०. <u>प्रस्ताव मूल्याङ्कनका आधारः</u> (१) दफा ८ बमोजिम केन्द्रमा पेस हुन आएका प्रस्तावको प्रस्ताव मूल्याङ्कन समितिले देहायका विषयमा आधारित भई अनुसूची-४ बमोजिमको अङ्कभारको आधारमा मूल्याङ्कन गर्नु पर्नेछः-

(क) संस्थागत क्षमताका आधार

(१) उद्यमशीलताको कार्य अनुभव,

(२) पूर्वाधार,

(३) वार्षिक लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्र,

(४) मानव स्रोत।

(ख) कार्यक्रम प्रस्तावको आधार

(१) नयाँ प्रविधिको प्रयोग,

(२) हरित ऊर्जाको प्रयोग तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(३) कार्यक्रमबाट सिर्जना हुने रोजगारी र लाभग्राहीको सङ्ख्या,

(४) कार्यक्रमबाट लाभान्वित महिला तथा लक्षित लाभग्राहीको सङ्ख्या,

(५) कार्यक्रम कार्यान्वयन हुने कार्यक्षेत्र,

(६) कार्यक्रममा लागत सहभागिता ।

(२) दफा ८ बमोजिम विभागमा पेस हुन आएका प्रस्तावको प्रस्ताव मूल्याङ्कन समितिले देहायका विषयमा आधारित भई अनुसूची-४ बमोजिमको अङ्कभारको आधारमा मूल्याङ्कन गर्नु पर्नेछः-

(क) उद्योगको लागि निर्धारित मापदण्ड पूरा भएको अवस्था,

(ख) रोजगारीमा हुने वृद्धिको अवस्था,

(ग) उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको प्रतिशत,

(घ) उद्योगको शाखाको सङ्ख्या,

(ङ) नवप्रवर्तन,

(च) व्यावसायिक निरन्तरता,

(छ) औद्योगिक बौद्धिक सम्पत्ति दर्ता, ब्राण्डिङ तथा लेवलिङ्ग,

(ज) महिलाबाट मात्र सञ्चालन भएका,

(झ) हरित ऊर्जाको प्रयोग तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ञ) उत्पादन स्थलको स्वामित्वको अवस्था।

११. **प्रस्तावको छनोटः** (१) दफा ८ बमोजिम पेस भएको प्रस्तावको प्रस्ताव मूल्याङ्कन समितिले दफा १० बमोजिम मूल्याङ्कन गरी प्राप्ताङ्कका आधारमा प्रारम्भिक सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीबाट कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्तावमध्येबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावलाई प्राप्ताङ्कको आधारमा प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यक्रम सञ्चालन गर्ने निकायमा सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आएका प्रस्तावमध्ये विभागबाट कार्यान्वयन हुने प्रस्तावको हकमा विभागको महानिर्देशक र केन्द्रबाट कार्यान्वयन हुने प्रस्तावको हकमा केन्द्रको कार्यकारी निर्देशकले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्ताव क्रमशः स्वीकृत गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव स्वीकृत भएपछि कार्यक्रम सञ्चालन गर्ने निकायले सम्बन्धित प्रस्तावकलाई प्रस्ताव स्वीकृत भएको जानकारी दिइ सम्झौता गर्न सात दिनको अवधि दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम स्वीकृत भएका प्रस्तावको प्रस्तावकसँग कार्यक्रम सञ्चालन गर्ने निकायले अनुसूची-५ बमोजिमको ढाँचामा प्रस्ताव स्वीकृत भएको मितिले सात दिनभित्र सम्झौता गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको अवधिभित्र सम्झौता गर्न नआउने प्रस्तावकको प्रस्ताव स्वतः रद्द भएको मानिनेछ।

१२. **सम्झौता तथा कर्जा प्रवाहः** (१) कार्यक्रम सञ्चालन गर्ने निकायले दफा ११ को उपदफा (५) बमोजिम कार्यक्रम कार्यान्वयनको लागि सम्झौता भएका प्रस्तावकको विवरण सम्वन्धित बैङ्कमा सम्झौताको लागि पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका प्रस्तावकसँग बैङ्कले सम्झौता (तमसुक) गरी सम्झौता भएका प्रस्तावका प्रस्तावकलाई कर्जा प्रवाह गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सम्झौता (तमसुक) गर्दा कर्जाको अवधि अधिकतम सात वर्षमा नवढाइ ढिलोमा कर्जा लिएको तेस्रो वर्षबाट साँवा फिर्ता प्रारम्भ गर्नु पर्ने सर्त राख्नु पर्नेछ।

(४) दफा ११ को उपदफा (५) बमोजिम कार्यक्रम कार्यान्वयनको लागि सम्झौता भएका प्रस्तावकले किस्ता अवधि अगावै कर्जा चुक्ता गर्न चाहेमा सो अवधि अगावै किस्ता चुक्ता गर्न सक्नेछ र सोबापत अतिरिक्त शुल्क लाग्ने छैन।

(५) उपदफा (२) बमोजिमको कर्जाको ब्याजदर बढीमा छ प्रतिशतसम्म हुनेछ।

(६) यस कार्यविधिबमोजिम कर्जा प्रवाह गर्ने बैङ्कले असुल उपर गरेको साँवा र सोको व्याज रकम कोषमा जम्मा गर्नु पर्नेछ।

(७) उपदफा (३) बमोजिम उद्यमीले साँवा र ब्याज चुक्ता नगरेमा त्यस्तो कर्जा रकमलाई बैङ्कले प्रचलित कानूनबमोजिम खराब कर्जामा गणना गरी सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

(८) यस दफाबमोजिम बैङ्कले उद्यमीसँग भएको सम्झौताको जानकारी सात कार्य दिनभित्र कार्यक्रम सञ्चालन गर्ने निकायलाई दिनु पर्नेछ।

(९) उपदफा (२) बमोजिम सम्झौता भएको मितिले सात कार्य दिनभित्र बैङ्कले उद्यमीलाई कर्जाको प्रथम किस्ता उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद– ३

## कोषको परिचालन तथा कर्जासम्बन्धी व्यवस्था

१३. **कोषको परिचालनः** (१) समितिबाट स्वीकृत भएबमोजिमका वार्षिक कार्यक्रम कार्यान्वयन गर्न कोषको रकम अनुसूची-६ बमोजिमको सीमाभन्दा बढी नहुने गरी परिचालन गरिनेछ।

(२) स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न विभाग र केन्द्रलाई मन्त्रालयले कोषको रकम निकासा गर्नेछ।

(३) विभाग र केन्द्रले स्वीकृत गरेका प्रस्ताव कार्यान्वयनका लागि सम्झौता भएको बैङ्कमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनेछ।

१४. **कर्जा सुरक्षणः** (१) यस कार्यविधिबमोजिम बैङ्कले कर्जा प्रवाह गर्दा प्रचलित कानूनबमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषमा कर्जाको सुरक्षण गराउनु पर्नेछ।

(२) कुनै लघु उद्यमले बैङ्कले तोकेको धितो दिन नसक्ने भएमा स्वीकृत परियोजनालाई नै धितोको रूपमा राख्न सकिनेछ।

१५. **बैङ्कले सेवा शुल्क लिन सक्नेः** यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने बैङ्कले सेवा शुल्कबापत देहायबमोजिमको रकम लिन सक्नेछः-

(क) उद्यमी र बैङ्कबिच सम्झौता गरी कर्जा प्रवाह गर्दा सेवा शुल्कबापत सम्बन्धित उद्यमीबाट कर्जा रकमको अधिकतम शून्य दशमलव तीन प्रतिशतसम्म, र

(ख) वार्षिक रूपमा उद्यमीबाट असुलउपर गर्नु पर्ने कर्जाको किस्ता असुली पचास प्रतिशतसम्म भएमा असुल गरेको ब्याजको एक प्रतिशत, पचास प्रतिशतदेखि असी प्रतिशतसम्म भएमा एक दशमलव पाँच प्रतिशत र असी प्रतिशतभन्दा बढी भएमा दुई प्रतिशतसम्म रकम।

## परिच्छेद– ४

## संरचनात्मक व्यवस्था

१६. **कोष सञ्चालक समितिः** (१) कोष सञ्चालनका लागि देहायबमोजिमका सदस्य रहेको एक सञ्चालक समिति रहनेछः-

(क) सचिव (उद्योग), मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव (औद्योगिक तथा लगानी प्रवर्धन महाशाखा),मन्त्रालय - सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) महानिर्देशक, विभाग - सदस्य

(ङ) कार्यकारी निर्देशक, केन्द्र - सदस्य

(च) निर्देशक,नेपाल राष्ट्र बैङ्क - सदस्य

(छ) उपसचिव, औद्योगिक नीति तथा सहजीकरण शाखा, मन्त्रालय - सदस्य-सचिव

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनु पर्नेछ।

(४) समितिले आवश्यकतानुसार सम्बन्धित क्षेत्रका विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सञ्चालनसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(६) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

१७. **समितिको काम,कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) कोषको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(ख) कोष परिचालनका लागि आवश्यक स्रोतको पहिचान गर्ने,

(ग) कोष सञ्चालनका लागि निकायगत अख्तियारी प्रदान गर्ने,

(घ) कोषबाट सञ्चालित कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने,

(ङ) कोषको प्रभावकारी उपयोग गर्न सम्बद्ध निकायसँग आवश्यक समन्वय गर्ने,

(च) कोषबाट सञ्चालन भएका कार्यक्रमको अनुगमन गर्ने/गराउने,

(छ) कोषका कार्यक्रमको आवधिक समीक्षा गर्ने,

(ज) वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्ने,

(झ) कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई आवश्यक सुझाव तथा निर्देशन दिने,

(ञ) कोष सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकतानुसार अन्य कार्य गर्ने।

## परिच्छेद–५

## विविध

१८. **लागत साझेदारीः** (१) यस कार्यविधिबमोजिम औद्योगिक प्रवर्धनको कार्य गर्न प्रस्तावकले कम्तीमा पच्चीस प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लागत साझेदारी गर्ने संस्थाले प्रचलित कानूनबमोजिम खर्चको लेखापरीक्षण गरी सोको प्रतिवेदन कार्यक्रम सञ्चालन गर्ने निकायमा पेस गर्नु पर्नेछ।

१९. **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यविधिबमोजिम कार्यान्वयनमा रहेका कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यक्रम सञ्चालन गर्ने निकायबाट हुनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा अनुसूची-७ बमोजिमको ढाँचाको अनुगमन फाराम प्रयोग गरिनेछ।

(३) उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन पछि कार्यक्रम सञ्चालन गर्ने निकायले त्यसको प्रतिवेदन समितिमा पेस गर्नु पर्नेछ।

(४) मन्त्रालयले यस कार्यविधिबमोजिमका कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

२०. **<u>प्रतिवेदन पेस गर्ने:</u>** (१) कार्यक्रम कार्यान्वयन गर्ने निकायले आफूले वर्षभरिमा यस कार्यविधिबमोजिम सञ्चालन गरेका कार्यक्रमको वार्षिक प्रगतिको एकीकृत विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र अनुसूची-८ बमोजिमको ढाँचामा समितिमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन समेतको आधारमा समितिले कोषबाट सञ्चालन भएका कार्यक्रम तथा आफूले गरेको कार्यको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

२१. **<u>प्रशासनिक खर्च:</u>** यस कार्यविधिबमोजिम कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने प्रशासनिक खर्च कार्यक्रम सञ्चालन गर्ने निकायको वार्षिक बजेटबाट व्यहोरिनेछ।

२२. **<u>खारेजी तथा बचाउ:</u>** (१) देहायका कार्यविधि खारेज गरिएका छन्:-

(क) महिला उद्यमशीलता विकास कोष (सञ्चालन) कार्यविधि, २०६९;

(ख) लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९;

(ग) लघु, घरेलु तथा साना उद्यमी प्रविधि (मेसन, उपकरण) हस्तान्तरण कार्यविधि, २०७३।

(२) उपदफा (१) बमोजिम खारेज भएका कार्यविधिबमोजिम भए गरेका काम कारवाही यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**औद्योगिक तथा लगानी प्रवर्धन कोषमार्फत सञ्चालन हुने कार्यक्रम**

(१) लघु, घरेलु तथा साना उद्योग विकाससम्बन्धी कार्यक्रमअन्तर्गत सञ्चालन हुने कार्यः-

(क) औद्योगिक कच्चा पदार्थ खरिद तथा ढुवानीसम्बन्धी कार्य;

(ख) प्याकेजिङ, लेबलिङ तथा ब्राण्डिङसम्बन्धी कार्य;

(ग) वस्तु विकास र उत्पादन विविधीकरणसम्बन्धी कार्य;

(घ) उत्पादन, भण्डारण र सुरक्षासम्बन्धी कार्य;

(ङ) लघु, घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक अन्य कार्य।

(२) प्रविधि विकाससम्बन्धी कार्यक्रमअन्तर्गत सञ्चालन हुने कार्यः-

(क) प्रविधि खरिदसम्बन्धी कार्य,

(ख) प्रविधि तथा ज्ञान हस्तान्तरणसम्बन्धी कार्य,

(ग) प्राविधिक सिप विकास तथा तालिम सञ्चालनसम्बन्धी कार्य,

(घ) नवीनतम प्रविधिको अध्ययन, अनुसन्धान तथा विकाससम्बन्धी कार्यहरू।

(३) औद्योगिक प्रवर्धनसम्बन्धी कार्यक्रमअन्तर्गत सञ्चालन हुने कार्यः-

(क) व्यवसाय परामर्श, सचेतना, क्षमता विकास तथा अध्ययन, अनुसन्धानसम्बन्धी कार्य;

(ख) औद्योगिक बौद्धिक सम्पत्ति संरक्षण, दर्ता र क्षमता विकाससम्बन्धी कार्य;

(ग) प्याकेजिङ, लेबलिङ तथा ब्राण्डिङसम्बन्धी तालिम;

(घ) औद्योगिक प्रदर्शनी तथा व्यापार मेलाको आयोजनासम्बन्धी कार्य;

(ङ) औद्योगिक सूचना तथा तथ्याङ्क विश्लेषणसम्बन्धी कार्य;

(च) बजार पहुँच सहजीकरण र सञ्जाल विकास सम्बन्धी कार्य,

(छ) अन्य औद्योगिक विकास तथा प्रवर्धनसम्बन्धी कार्य।

(४) रुग्ण उद्योग पुनरूत्थान, पुनर्निर्माण तथा व्यवस्थापनसम्बन्धी कार्यक्रमअन्तर्गत सञ्चालन हुने कार्य।

(५) महिला उद्यमशीलता विकाससम्बन्धी कार्यक्रमअन्तर्गत सञ्चालन हुने कार्यः-

(क) उद्योग सञ्चालनसम्बन्धी कार्य,

(ख) उद्योग व्यवस्थापनसम्बन्धी कार्य,

(ग) स्तरोन्नतिसम्बन्धी कार्य।

नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

**अनुसूची-२**

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**प्रस्ताव आह्वानसम्बन्धी सूचनाको ढाँचा**

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

............ केन्द्र/................. विभाग

त्रिपुरेश्वर, काठमाडौं

(प्रकाशन मितिः .......................)

**औद्योगिक तथा लगानी प्रवर्धन कोषअन्तर्गत ............................. कार्यक्रमका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना**

यस विभाग/केन्द्रको औद्योगिक तथा लगानी प्रवर्धन कोष कार्यक्रम अन्तर्गत ................ .............. कार्यक्रम सञ्चालन गर्न सहुलियत ऋण/अनुदान लिन ईच्छुक प्रचलित कानूनबमोजिम दर्ता भएका लघु, घरेलु तथा साना उद्योग वा उद्योगको प्रतिनिधित्व गर्ने महासङ्घ वा विषयगत तथा वस्तुगत सङ्घले निर्धारित ढाँचामा आवेदन तथा कागजातसहित यो सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र कार्यालय समयभित्र यस विभाग/केन्द्रमा आवेदन पेस गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। आवेदन तथा कागजात विभाग/केन्द्रको ईमेल ठेगाना ........................... ............... वा सम्बन्धित जिल्लाको लघु, घरेलु तथा साना उद्योग कार्यालयमा पनि पठाउन सकिनेछ। कार्यक्रमसम्बन्धी विस्तृत जानकारी यस विभाग/केन्द्रबाट र यस विभाग/केन्द्रको वेबसाइटमा रहेको औद्योगिक तथा लगानी प्रवर्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बाट प्राप्त गर्न सकिनेछ।

**अनुसूची-३**

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**कार्यक्रम प्रस्तावको ढाँचा**

**(क) उद्योगबाट पेस हुने प्रस्तावको हकमा**

श्री ...................................... विभाग/केन्द्र,

......................................... ।

**विषयः प्रस्ताव पेस गरेको सम्बन्धमा।**

त्यस विभाग/कार्यालयबाट मिति २०....../...../..... गते प्रकाशित सूचनाअनुसार औद्योगिक तथा लगानी प्रवर्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम कोषबाट सञ्चालन हुने .................. कार्यक्रमबाट सहयोग प्राप्त गर्न देहायबमोजिमको विवरण र कागजातसहित प्रस्ताव पेस गरेको छुः-

(१) उद्योगको विवरणः

नामः

ठेगानाः

दर्ता नं.

दर्ता मितिः

दर्ता गर्ने निकायः

उद्योगको स्थायी लेखा नम्बरः

उद्योगको उद्देश्यः

(२) उद्योगको प्रकृति (उत्पादन हुने वस्तुका आधारमा):

(३) उद्योगको प्रमुख उत्पादनः

(४) उद्योगको सहायक उत्पादनः

(५) उद्योगमा कुल पुँजी लगानीः

(६) उद्योगबाट सिर्जित कुल रोजगारी सङ्ख्याः ................ जना

(७) उद्योगले प्रयोग गर्ने कच्चा पदार्थसम्बन्धी विवरण

क.

ख.

ग.

(८) उद्योगले वार्षिक रूपमा प्रयोग गर्ने कच्चा पदार्थको परिमाणः__________(kg/tons)

(९) उद्योगको वार्षिक उत्पादन परिमाणः __________(kg/tons)

(१०) उद्योगले माग गरेको सहयोगको क्षेत्रः

(११) सहयोगबाट गरिने मुख्य क्रियाकलापः

(१२) अनुमानित लागतः

(१३) कार्यक्रममार्फत सहयोग प्राप्त गरेको अवस्थामा,

क. बढ्ने अनुमानित उत्पादन परिमाणः

ख. बढ्ने अनुमानित रोजगारी सङ्ख्याः

(१४) कार्यक्रमको लागि प्रस्तावित लागत साझेदारीको हिस्सा____ प्रतिशत

**संलग्न कागजातः**

(क) उद्योगको दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि।

(ख) सञ्चालकको नागरिकताको प्रतिलिपि।

(ग) व्यवसायिक योजना (स्कीम)।

(घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि।

(ङ) अघिल्लो आर्थिक वर्षसम्मका करचुक्ता प्रमाणपत्र।

(च) व्यावसायिक योजनामा अन्य कुराको अतिरिक्त देहायका कुराहरू उल्लेख भएको हुनु पर्नेछः-

१. उत्पादनमा हुने वृद्धिको प्रतिशत;
२. जनशक्तिको सङ्ख्या तथा रोजगारीमा हुने वृद्धि;
३. स्थिर तथा चालु पुँजी लगानी;
४. उद्योगले प्रयोग गर्ने स्वदेशी कच्चा पदार्थको प्रतिशत;
५. उद्योगले ओगट्ने बजार हिस्सा र क्षेत्र (निर्यात समेत गर्ने, जिल्ला र प्रदेश, स्थानीयस्तर);
६. बजार शाखा सङ्ख्या,
७. उद्योग/फर्म/कम्पनीले गर्ने लागत साझेदारी रकम र प्रतिशत;
८. नवप्रवर्तन र सिर्जनशीलताको प्रयोग (नवीन प्रविधि र उत्पादन);
९. व्यावसायिक निरन्तरता (सञ्चालन अवधि);
१०. औद्योगिक बौद्धिक सम्पत्ति दर्ता (पेटेन्ट, डिजाइन, ट्रेडमार्क) र ब्राण्डिङ, प्याकेजिङ, लेबलिङ गरे वा नगरेको;
११. उद्योग सञ्चालन हुने अवधि (चार, आठ, बाह्रै महिना);
१२. महिलाबाट मात्र सञ्चालित भएको भए सो कुरा;
१३. ऊर्जाको प्रयोग (विद्युत, कोइला वा अन्य);
१४. वातावरणीय प्रभाव (प्रदुषण गर्ने/नगर्ने);
१५. उत्पादन स्थल (औद्योगिक ग्राम/आफ्नै स्वामित्वको घरजग्गा वा भाडामा);
१६. उत्पादन विविधीकरण (एकै वस्तु उत्पादन हुने वा बहु वस्तु उत्पादन हुने)।

माथि उल्लेख गरिएको सम्पूर्ण विवरण ठीक साँचो हो। झुट्टा ठहरेमा कानूनबमोजिम सहुँला बुझाउँला।

उद्योगको छाप

निवेदकको,-

नाम, थर ____________________

दस्तखत____________________

मिति____________________

## (ख) औद्योगिक प्रवर्धन कार्यका लागि संस्थाबाट पेस हुने प्रस्तावको हकमा

### संस्थागत विवरण

१. संस्थाको नामः

२. ठेगानाः

३. संस्था दर्ता भएको मिति, स्थान र दर्ता नं.:

४. नवीकरण मितिः

५. संस्थाको उद्देश्यः

६. संस्थागत क्षमताः

(क) संस्थागत अनुभव (उद्यमशीलताको क्षेत्रमा संस्थाबाट पहिले कार्यान्वयन भएका मुख्य कार्यक्रमहरू- मिति, अवधि, दाता, लक्षित समूह आदि- बढीमा ५ वटा मात्र)

(ख) संस्थागत पूर्वाधार (कार्यालय, कार्यालय सामग्रीहरू, संस्थागत नीति नियमहरू, जस्तैः कर्मचारी नियमावली, आर्थिक प्रशासन नियमावली, सवारी साधनहरू, तालिम हल तथा सामग्रीहरू आदि)

(ग) मानव स्रोत- सञ्चालक/कार्य समितिका पदाधिकारी र कर्मचारी

### कार्यक्रमको संक्षिप्त विवरण

१. कार्यक्रमको नामः

२. उद्देश्यगत कार्यक्षेत्रः ..............................................

३. कार्यक्रमको भौगोलिक कार्यक्षेत्रः

४. जम्मा कार्यक्रम बजेटः

कोषबाट माग गरेको रकमः

लागत साझेदारीबाट व्यहोरिने रकम र प्रतिशत

५. कार्यक्रम अवधिः

### कार्यक्रमको विस्तृत विवरण

१. कार्यक्रमको पृष्ठभूमि र आवश्यकताः

२. कार्यक्रमको उद्देश्यः

३. कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धिः

(उत्पादकत्व वृद्धि, बजार पहुँच, रोजगार सिर्जना, आय आर्जन, सिप तथा क्षमता अभिवृद्धि आदि)

| क्र.सं. | क्रियाकलापहरू | अपेक्षित परिणाम | सूचक |
|---|---|---|---|
| | | | |
| | | | |

४. कार्यक्रम क्रियाकलापहरूका कार्यान्वयन विधिहरूः

५. लक्षित समूह (महिला, जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, अपाङ्ग भएका व्यक्ति, पिछडिएको क्षेत्र आदि):

६. जोखिम (कार्यक्रम कार्यान्वयनका क्रममा प्रभाव पार्न सक्ने बाह्य तत्वहरू):

७. कार्ययोजना:

| क्र.सं. | क्रियाकलाप | मिति र समय, अवधि (हप्ता वा महिना) | जिम्मेवार | कैफियत |
|---|---|---|---|---|



२.०८०.८

नेपाल सरकार ... तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हरू | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | व्यक्ति | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

८. कार्यक्रमको दिगोपना वा निरन्तरता:

९. कार्यक्रममा सिर्जनशीलता र नयाँपन:

१०. प्रस्तावित कार्यक्रमको बजेट:

| क्र.सं. | विवरण | परिमाण | दर | जम्मा बजेट | संस्थाबाट व्यहोरिने रकम | अनुदानबाट व्यहोरिने रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

११.कार्यक्रम कार्यान्वयनका लागि दक्ष जनशक्तिको उपलब्धता:

- सबै संस्थाबाटै उपलब्ध हुने,
- सबै जनशक्ति बाहिरबाट ल्याउनु पर्ने।

१२.संस्थाको बैङ्क खाता नं. र बैङ्कको नाम:

**प्रस्ताव पेस गर्ने संस्थाको,-**

नाम:

ठेगाना:

आधिकारिक व्यक्तिको नाम:

पद:

सम्पर्क नं:

हस्ताक्षर:

मिति:

संस्थाको छाप:

अनुसूची-४

(दफा १० को उपदफा (१) र (२) सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कनका आधार र अङ्कभार**

**क. उद्योगले पेस गरेको प्रस्तावको हकमा**

| | | |
|---|---|---|
| १ | उद्योगको लागि निर्धारित मापदण्ड पूरा भएको | • मापदण्ड पूरा भएको -२० अङ्क |
| २ | रोजगारीमा हुने वृद्धि | • पाँच जना भन्दा बढी भए - ५ अङ्क,<br>•पाँच जना भन्दा कम भए - ३ अङ्क |
| ३ | उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको प्रतिशत | •शत प्रतिशत स्वदेशी कच्चा पदार्थ भए- २० अङ्क<br>•साठी प्रतिशत वा सो भन्दा बढी स्वदेशी कच्चा पदार्थ भएमा-१०अङ्क<br>•साठी प्रतिशत भन्दा कम स्वदेशी कच्चा पदार्थ भए- ५ अङ्क |
| ४ | उद्योगको शाखाहरूको सङ्ख्या | •तीनवटा भन्दा बढी शाखा भए- १० अङ्क<br>•तीन भन्दा कम भए- ५ अङ्क |
| ५ | नवप्रवर्तन | •नवीन प्रविधिको प्रयोग र उत्पादन भए- १० अङ्क<br>•आंशिक रूपमा प्रविधिको प्रयोग भए- ५ अङ्क |
| ६ | व्यावसायिक निरन्तरता | •पाँच वर्ष भन्दा माथि भए- १० अङ्क<br>•दुई देखि पाँच वर्ष भए- ५ अङ्क |
| ७ | औद्योगिक बौद्धिक सम्पत्ति दर्ता ब्राण्डिङ तथा लेवलिङ्ग | •औद्योगिक बौद्धिक सम्पत्ति दर्ता (पेटेन्ट, डिजाइन, ट्रेडमार्कमध्ये कुनै एकको प्रयोग) गरी ब्राण्डिङ वा लेवलिङ्गसमेत भएको भए- ५ अङ्क<br>•ब्राण्डिङ, प्याकेजिङ्ग लेवलिङ्गमध्ये कुनै वा दुई भएमा- ३ अङ्क |
| ८ | महिलाबाट मात्र सञ्चालित | •महिलाबाट मात्र सञ्चालित भए- १० अङ्क<br>•महिलासमेतको साझेदारीमा सञ्चालित भए- ५ अङ्क |
| ९ | हरित ऊर्जाको प्रयोग तथा वातावरणीय प्रभाव न्यूनीकरण | • हरित ऊर्जाको प्रयोग तथा वातावरणीय प्रभाव न्यूनीकरण भएको भए- ५ अङ्क<br>•हरित ऊर्जाको प्रयोग तथा वातावरणीय प्रभाव न्यूनीकरणमध्ये एकको प्रयोग भएको भए- ३ अङ्क |
| १० | उत्पादन स्थलको स्वामित्वको अवस्था | •औद्योगिक ग्राम वा आफ्नै स्वामित्वमा भएको भए-५ अङ्क<br>•भाडामा रहेको भए- ३ अङ्क |
| | **जम्मा** | **१०० अङ्क** |

ख. संस्थाले पेस गर्ने कार्यक्रमको हकमा मूल्याङ्कनका आधार

| | | |
|---|---|---|
| **क) संस्थागत क्षमताः** | | |
| १ | अनुभव | • उद्यमशीलताका क्षेत्रमा काम गरेको प्रत्येक वर्षको २ अङ्कको दरले बढीमा - १० अङ्क |
| २ | पूर्वाधार | • नियमित कार्यालय सञ्चालन हुने आफ्नै संरचना भएको भए- १० अङ्क<br>• आफ्नै संरचना नभएको तर लिज वा भाडामा सञ्चालन भएको भए-५ अङ्क |
| ३ | वार्षिक लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र | • पेस गरेको भए -५ अङ्क |
| ४ | मानव स्रोत | • प्रस्तावित कार्यक्रमसम्बन्धी दक्ष जनशक्ति (संयोजक, लेखापाल र प्रशिक्षकहरू – सम्बन्धित विषयमा अध्ययन गरेको/सम्बन्धित तालिम प्राप्त गरेका तथा सम्वन्धित क्षेत्रमा अनुभव प्राप्त) संस्थामा कार्यरत भएमा- १० अङ्क<br>• कार्यक्रम सञ्चालनका लागि दक्ष जनशक्ति बाहिरबाट लिनुपर्ने भए- ५ अङ्क |
| **ख कार्यक्रम प्रस्तावनाः** | | |
| ५ | नयाँ प्रविधिको प्रयोग | • नवीन प्रविधिको प्रयोग र उत्पादन भए- १५ अङ्क<br>• आंशिक रूपमा प्रविधिको प्रयोग भए- ५ अङ्क |
| ६ | हरित ऊर्जाको प्रयोग तथा वातावरणीय प्रभाव न्यूनीकरण | • हरित ऊर्जाको प्रयोग तथा वातावरणीय प्रभाव न्यूनीकरण भएको भए- १० अङ्क<br>• हरित ऊर्जाको प्रयोग तथा वातावरणीय प्रभाव न्यूनीकरणमध्ये एकको प्रयोग भएको भए- ५ अङ्क |
| ७ | कार्यक्रमबाट सिर्जना हुने रोजगारी र लाभग्राहीको सङ्ख्या | • पचास जना भन्दा बढी भए – १० अङ्क<br>• बीस जना भन्दा बढी र पचास जना भन्दा कम भए-५ अङ्क |

| | | |
|---|---|---|
| ८ | कार्यक्रमबाट लाभान्वित महिला तथा लक्षित लाभग्राहीको सङ्ख्या | • महिलामात्र लाभग्राही भए-१० अङ्क<br>• अन्य लाभग्राही भए -५ अङ्क |
| ९ | कार्यक्रमको कार्यान्वयन हुने कार्यक्षेत्र | • हिमाली तथा पहाडी जिल्ला -१० अङ्क<br>• अन्य जिल्ला -७ अङ्क |
| १०. | कार्यक्रम साझेदारी | • सम्बन्धित संस्थाको लागत साझेदारी खर्चको पचास प्रतिशत भन्दा माथि भए -१० अङ्क<br>• सम्बन्धित संस्थाको लागत साझेदारी खर्चको पच्चिस प्रतिशत भन्दा माथि पचास प्रतिशतसम्म भए -७ अङ्क |

## ७. प्रस्ताव मूल्याङ्कनका सर्त

(क) कार्यक्रम प्रस्ताव छनौट गर्दा कार्यक्रमको स्वीकृती वा पास अङ्क कम्तीमा ५० प्रतिशत अङ्क कायम गरिनेछ।

(ख) कार्यक्रम छनौट गर्दा एउटा संस्थालाई सामान्यतया एक पटकमा एउटा भन्दा बढी कार्यक्रम प्रस्ताव स्वीकृत गरिनेछैन।

(ग) कुनै संस्थाद्वारा कुनै एक उद्देश्यको कार्यक्रम एक गाँउपालिका/नगरपालिकाको एक स्थानमा सञ्चालन गर्न स्वीकृत भई सकेपछि सोही प्रकृतिको अर्को कार्यक्रम सोही गाँउपालिका/नगरपालिकामा स्वीकृत गरिनेछैन।

(घ) सार्वजनिक पद धारण गरेका व्यक्तिद्वारा सञ्चालित संस्थाद्वारा पेस गरिएको कार्यक्रम स्वीकृत गरिनेछैन।

## अनुसूची-५

(दफा ११ को उपदफा (५) सँग सम्बन्धित)

**<u>सम्झौताको नमूना</u>**

औद्योगिक तथा लगानी प्रवर्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम कार्यक्रम कार्यान्वयनका लागि

**श्री ........................................ विभाग/केन्द्र र श्री ........................................ बिच**

**<u>भएको सम्झौता</u>**

........................................ विभाग/केन्द्र (यसपछि "प्रथम पक्ष" भनिएको) र .................... .................... उद्योग/संस्था (यसपछि "दोस्रो पक्ष" भनिएको) बिच .................... प्रदेश ................ जिल्लाको ................................ गाउँपालिका/नगरपालिकामा ........................ आर्थिक वर्षमा ................................ उद्योगको लागि .......................... सहयोग कार्यक्रमअन्तर्गत ............................ गर्ने लक्ष्य हासिल गर्न देहायमा उल्लिखित सर्तका अधिनमा रही यो सम्झौता गरिएको छ।

<u>सर्तहरू</u>

(१) दोस्रो पक्षले सम्झौताको अवधिभर औद्योगिक तथा लगानी प्रवर्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम .......... कार्यक्रम कार्यान्वयन गर्नुका साथै यस सम्झौतामा उल्लेख भएका जिम्मेवारीहरू पूरा गर्नु पर्नेछ।

(२) स्वीकृत प्रस्तावबमोजिम दोस्रो पक्षले देहायका कार्यहरू गर्नु पर्नेछः- कार्यहरू उद्योगको प्रकृति तथा सञ्चालन हुने कार्यक्रमअनुसार कार्यालयले तोक्नेः-

(क)

(ख)

(ग)

(घ)

(३) दोस्रो पक्षले प्रथम पक्षसँग प्रत्यक्ष सम्पर्क र समन्वयमा रहेर काम गर्नु पर्नेछ।

(४) दोस्रो पक्षले प्रथम पक्षबाट प्राप्त गर्ने रकम जुन प्रयोजनका लागि उपलब्ध गराइएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ।

(५) प्रथम पक्षले दोस्रो पक्षले सञ्चालन गर्ने कार्यको जुनसुकै बखतमा निरीक्षण तथा अनुगमन गर्न सक्नेछ। यस कार्यक्रमका लागि तोकिएको अनुगमन गर्ने पदाधिकारी, निकायको अनुगमनकर्तालाई दोस्रो पक्षले सहयोग गर्नु पर्नेछ।

(६) सहयोग रकम खर्च गर्दा प्रचलित खरिद कानूनलगायतका आर्थिक व्यवस्थासँग सम्बन्धित प्रचलित कानूनको पालना गरी वित्तीय अनुशासन कायम गर्नु वा गराउनु पर्नेछ।

(७) कार्यतालिकामा तोकिएको समयभित्र कार्यसम्पादन नगरेमा अनुगमनकर्ताले कामको भौतिक प्रगति र गुणस्तरलगायतको विषयमा दिएको सुझाव कार्यान्वयन नगरेमा प्रथम पक्षले तीस दिनअगि लिखित जानकारी गराइ सम्झौता रद्द गर्न सक्नेछ।

(८) यो सम्झौताबमोजिम उद्योगले व्यावसायिक योजना कार्यान्वयन गर्न कुल रकम (सबै प्रकारका कर सहित) जम्मा रु. ................ अक्षेरुपि रु.

.................................... प्रथम पक्षबाट निकासा प्राप्त गर्नेछ। सो रकम प्रथम पक्षले दोस्रो पक्षलाई प्रथम किस्ताबापत असी प्रतिशत र कार्यसम्पन्न प्रतिवेदन पेस भएपछि बाँकी बीस प्रतिशत भुक्तानी गर्नेछ।

(९) दोस्रो पक्षले प्रथम किस्ता प्राप्त गरेपछि आफूले कबुल गरेको लागत साझेदारी रकमसमेत प्रयोग गर्नु पर्नेछ।

(१०) दोस्रो पक्षले सम्झौता विपरीत वा सम्झौताबमोजिम कार्य नगरेमा सम्झौताबमोजिमको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(११) विभाग वा केन्द्रले तोकेका अन्य कुराहरू: ....................................

(१२) सम्झौताको अवधिः यो सम्झौता हस्ताक्षर भएको मिति ................. देखि ................. सम्म कायम रहनेछ।

**उपर्युक्त सर्तहरूमा मन्जुरी भई दस्तखत गर्ने आधिकारिक प्रतिनिधिहरू:**

| | |
|---|---|
| दोस्रो पक्ष ................................ का तर्फबाट | प्रथम पक्ष .............................. का तर्फबाट |
| हस्ताक्षर ...............................<br>नाम ....................................<br>पद .........................<br>संस्थाको छाप ........................... | हस्ताक्षर ...............................<br>नाम ....................................<br>पद .........................<br>कार्यालयको छाप ........................... |
| रोहबर | |

इति संवत् २०..... साल .......... महिना ....... गते रोज ...... शुभम्।

नोटः- कार्यक्रम सञ्चालन गर्ने निकायले सम्झौता गर्दा सम्झौतापत्रको नमूनामा आवश्यक सर्तहरू थप गर्न सक्नेछ।

## अनुसूची-६

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>कार्यक्रमको सीमा</u>**

| क्र.सं. | कार्यक्रम | अधिकतम सीमा |
|---|---|---|
| १. | लघु, घरेलु तथा साना उद्योग विकाससम्बन्धी कार्य | १० लाख रुपियाँसम्म प्रति उद्यमी |
| २. | प्रविधि विकाससम्बन्धी कार्य | २५ लाख रुपियाँसम्म प्रति उद्यमी |
| ३. | औद्योगिक प्रवर्धनसम्बन्धी कार्य,<br>१. व्यवसाय परामर्श, सचेतना तथा अध्ययन/अनुसन्धान;<br>२. औद्योगिक बौद्धिक सम्पत्ति संरक्षण, दर्ता र क्षमता विकास;<br>३. प्याकेजिङ, ब्राण्डिङ तथा लेबलिङ;<br>४. औद्योगिक सूचना तथा तथ्याङ्क विश्लेषण;<br>५. अन्य औद्योगिक विकास तथा प्रवर्धन। | अधिकतम ५ लाख रुपियाँसम्म |
| | ६. औद्योगिक प्रदर्शनी तथा व्यापार मेलाको आयोजना | अन्तर्राष्ट्रियस्तरको भए १५ लाख रुपियाँसम्म<br>राष्ट्रियस्तरको भए १० लाख रुपियाँसम्म<br>प्रादेशिकस्तरको भए ७ लाख रुपियाँसम्म<br>जिल्लास्तरको भए ३ लाख रुपियाँसम्म |
| | ७. बजार पहुँच सहजीकरण र सञ्जाल विकास | १० लाख रुपियाँसम्म |
| ४. | रुग्ण उद्योग पुनरूत्थान, पुनर्निर्माण तथा व्यवस्थापनसम्बन्धी कार्य | २५ लाख रुपियाँसम्म प्रति उद्यमी |
| ५. | महिला उद्यमशीलता विकाससम्बन्धी कार्य | २५ लाख रुपियाँसम्म प्रति उद्यमी |

# अनुसूची-७

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

## अनुगमन फाराम

१. कार्यक्रमको नामः

२. कार्यान्वयन गर्ने उद्योग/संस्थाः

३. कार्यक्रम सञ्चालन भएको स्थानः

४. जम्मा कार्यक्रम बजेटः

   (क) कोषबाट उपलब्ध गराइएको बजेटः

   (ख) उद्योग/संस्थाबाट भएको साझेदारी लगानीः

   (ग) अन्य स्रोतबाट भएको लगानीः

५. कार्यक्रम सुरु भएको मितिः

६. कार्यक्रम सम्पन्न हुने मितिः

७. बजेट उपलब्ध गराइएको मिति र रकमः

   (क) प्रथम किस्ताः

   (ख) दोस्रो किस्ताः

   (ग) तेस्रो/अन्तिम किस्ताः

८. कार्यक्रम क्रियाकलापहरू र प्रगति (कार्यक्रम अनुगमन गर्दा भर्ने र तत्कालै पेस गर्ने)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | लक्षित परिणाम | हालसम्म भएको प्रगति | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९. कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्याहरू र सिफारिसहरू

| क्र.सं. | समस्या | समाधानका लागि गरिएका प्रयासहरू | समाधान हुन नसकेको कारण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

१०. यसभन्दा अगाडि अनुगमन गरिएको भएः

| क्र.सं. | अनुगमनकर्ताको नाम, पद र निकाय | सुपरिवेक्षणको मिति | सुपरिवेक्षणको क्रममा दिइएका सुझावहरू | सुझाव कार्यान्वयन गर्न गरिएका प्रयासहरू |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

११. कार्यक्रम प्रमुखको भनाइः

   (क) कार्यक्रमको आवश्यकता र सान्दर्भिकताः

   (ख) बजेटः

   (ग) व्यवस्थापन पक्षः

   (घ) अन्य सहभागीहरूको प्रतिक्रियाः

१२. कार्यक्रम प्रमुखः

(क) नामः

(ख) संस्थाः

(ग) पदः

(घ) कार्यरत अवधिः

१३. अनुगमनबाट पाइएका महत्वपूर्ण कुराहरूः

| क.सं. | प्रमुख क्रियाकलापहरू | मुख्य उपलब्धि | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१४. अनुगमनकर्ताका अन्य सुझावहरूः

१. ....................

२. ...................

३. ...................

४. ....................

५. ....................

**अनुगमनकर्ताको,-**

नामः

हस्ताक्षरः

पदः

अनुगमन गरेको मिति र अवधिः

प्रतिवेदन बुझाएको मितिः

## अनुसूची-८

(दफा २० को उपदफा (१) सँग सम्बन्धित)

**कार्यसम्पन्न प्रतिवेदन**

१. संस्थाको नामः

२. ठेगानाः

३. सञ्चालित कार्यक्रमको नामः

४. सञ्चालित कार्यक्रमको विषय र क्षेत्रः

५. कार्यक्रमको भौगोलिक कार्यक्षेत्रः

६. जम्मा कार्यक्रम बजेटः

कोषबाट प्राप्त रकमः

उद्योग/संस्थाको लागत साझेदारी रकमः

वास्तविक खर्च भएको रकमः

खर्च नभइ फिर्ता गरेको रकमः

७. कार्यक्रमको अवधिः

८. सम्पन्न भएको कार्यक्रमको विस्तृत विवरण

(क) कार्यक्रमको पृष्ठभूमिः

(ख) कार्यक्रमको लक्ष्य तथा उद्देश्यः

(ग) कार्यक्रमको वास्तविक उपलब्धिः (उत्पादकत्व वृद्धि, बजार पहुँच, रोजगारी सिर्जना, आय आर्जन, सिप तथा क्षमता अभिवृद्धि आदि)

| क्र.सं. | क्रियाकलापहरू | लक्षित परिणाम | वास्तविक परिणाम | सूचक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(घ) कार्यक्रम क्रियाकलापहरूको कार्यान्वयन विधिहरूः

(ङ) लाभान्वित लक्षित समूह (व्यावसायिक संलग्नता, महिला, जनजाति, दलित, मधेशी, अपाङ्ग भएका व्यक्ति, मुस्लिम समुदाय आदि):

(च) कार्यक्रमको दिगोपनाः

(छ) सफल कथाहरू वा घटना अध्ययनः

(ज) फोटोहरू, डकुमेन्ट्री वा कार्यक्रम सफल भएका दृश्य सामग्रीहरूः

**प्रतिवेदन बुझाउने संस्थाको,-**

नामः

ठेगानाः

आधिकारिक व्यक्तिको नामः

पदः

हस्ताक्षरः

संस्थाको छापः

मितिः